लक्ष्मी जननी मिडिया हाउस प्रा.लि.द्वारा प्रकाशित

जि.प्र.का.द.नं. :-१३/०७६/०७७

जि.हु.द.नं. १/०८२/०८३

# म्याग्दी नेपाल

MYAGDI NEPAL WEEKLY

www.erupse.com साप्ताहिक

"होटल जोमसोम प्राइड"
जोमसोम मुस्ताङ,०६९-५९००८३,९८२४७२३१३६



मुक्तिनाथ तथा दामोदरकुण्ड तिर्थयात्राका क्रममा आरामदायी तथा पारीवारीक वातावरणमा खाना तथा बसाइका लागि सम्झनै पर्ने नाम ।

वर्ष ७, अंक १५ २०८२ कार्तिक २१ गते शुक्रबार (Friday 7 November 2025) नेपाल सम्बत् ११४५ पृष्ठ ४+२ मुल्य रु १०/-

# पर्यटकको स्वागतका लागि पर्खीरहेको चिनाकोट

**अमृत बास्कुने**

पैदल यात्रा गर्दै गाउँको शिरमा पुगेपछि आफ्नो नाङ्गो आँखाले नै चारै तिर हिमालका मनोरम दृष्य देखिन्छ चिनाकोटबाट । हिमाली जिल्ला म्याग्दीको मंगला गाउँपालिका-३ बरंजाको झाँक्रीपानी गाउँ नजिकै छ ऐतिहासिक तथा पर्यटकीय महत्वको क्षेत्र हो चिनाकोट दरवार क्षेत्र । बरंजा क्षेत्रका साथै साविकका ४१ गाविस मध्ये झण्डै २५ हाराहारी गाविस चिनाकोटबाट आफ्नो आँखाले देख्न सकिन्छ ।




चिनाकोट दरवार पहिलो थियो भन्ने जनबोली सुन्न पाइन्छ तर अहिले भने त्यहाँ रानीको दरवारको भग्नावशेष मात्रै बाँकी छ । तर पनि नयाँ उज्यालोमा चम्किरहेको हुन्छ त्यहाँ चिनाकोटको धुरी । हिमाली जिल्ला म्याग्दीको सदरमुकाम बेनी देखि २४ किलोमिटरको दुरीमा पर्ने हिमालको मनमोहक दृश्यावलोकन गर्न मिल्ने उक्त स्थान वरपर मगर समुदायको समृद्ध संस्कृति र आफ्नै घरको स्वाद सम्झाउने परिकारका बीचको झाँक्रीपानी गाउँ नजिकै छ पर्यटकीय चिनाकोट । पछिल्लो दशक देखि आन्तरीक पर्यटनको नक्साको केन्द्रमा पर्ने दुई हजार दुई सय ८० मिटरको उचाइमा झाँक्रीपानी र दुई हजार दुई सय मिटर उचाइमा अवस्थित प्रकृतिको उत्कृष्ट रत्न हो चिनाकोट ।

सिधै मोटरसाइकलमा चिनाकोट क्षेत्रमै पुग्न सकिने भए पनि झाँक्रीपानीबाट करिब आधा घन्टा पैदल यात्रा गरेपछि पनि पुगिने चिनाकोट डाँडामा उभिएर सबैले धौलागिरि, चुरेन, गुर्जा, मानापाथी, अन्नपूर्ण, निलगिरि र माछापुच्छे जस्ता हिमालहरु एकैपटक आफ्नै नाङ्गो आँखाले हेर्न सकिन्छ । डाँडामा रहेका ठूला ढुंगाहरु, पुराना भग्नावशेष र लोककथासँग जोडिएका नामहरुले यो ठाउँलाई अझै रहस्यमय बनाएका छन् । मातृत्व सँगै जोडिएको भएर रानी चिनाको नामबाट राखिएको ठाउँको नाम नै चिनाकोट । केही पहिलाको अवस्था हेर्दा, रानीबास, रानी पोखरी, रानीखेत जस्ता नामहरू मातृत्व सँगै जोडेर राखिएका थिए र त्यस्तै नाम पनि हो चिनाकोट ।

बरंजाको माथिल्लो क्षेत्र आफैमा फरक चालचलन र भेषभुषा सहितको क्षेत्र हो भन्दा फरक पर्दैन । पछिल्लो ८ सय वर्ष देखि त्यस क्षेत्रमा आफ्नो छुट्टै पहिचान र सांस्कृतिक पहिचान सहितत रहेका छन् मगरहरू । उक्त बरंजा क्षेत्रमा आफ्नो छुट्टै रितिथिति मनाउने ५४ कुरिया मगरहरूको बस्तीको सिरानमा पर्ने चिनाकोटका बारेमा स्थानीय संस्कृतिविद् अमरबहादुर रोकाका एक ऐतिहासिक कथासँग जोडिएको सुनाउनुहुन्छ । नेपाल एकीकरणका क्रममा चौबीसे राज्यहरुमध्ये कुनै एक राज्यकी 'चिना' नामकी रानी आफ्ना अंगरक्षकसहित यहाँ आएर लुकेको किमबदन्ती अनुसार नै त्यो ठाँउलाई चिनाकोट भनिएको हो ।

अमरबहादुर रोकाले भन्नुहुन्छ बि.सं. २०२५ तिर म कक्षा १ पढ्ने बेलामा स्कुलबाट शैक्षिक भ्रमण चिनाकोट लगिएको थियो । त्यो समय त्यस क्षेत्रमा जाँदा त्यहाँ

*बाँकी पाँचौं पृष्ठमा*

नेशनल ड्रग सेन्टर
पाण्डे हेल्थ क्लिनिक एण्ड ल्याव सेवा
अस्पताल चोक, बेनीमा
प्रत्येक महिनाको चौंथो शनिबार



डा. हेमा छन्त्याल
स्त्री तथा प्रसुतीरोग विशेषज्ञ

महिला सम्बन्धी सम्पूर्ण समस्याहरू जस्तै तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, योनी चिलाउने, महिनावारी गडबडी हुने तथा रगत धेरै बग्ने, गर्भवती सम्बन्धी समस्या तथा गर्भवती जाँच, बाझोपनको उपचार तथा परामर्श, पिसाब पोल्ने, पिसाब छिटो छिटो लाग्ने, आङ खस्ने तथा खस्ला जस्तो हुने एवम् पाटेघरका अन्य समस्याहरु भएकाहरुले विशेषज्ञ मार्फत नै सेवा लिने मौका नछुटाउनु होला ।

साथै सोही दिन पाठेघरको मुखको पानी जाँच (Pap smear) गरिन्छ ।



डा. गोविन्द राज पाण्डे
जनरल फिजिसियन

गानो गोला, ग्याष्ट्रिक, अल्सर, दम, खोकी, निमोनिया, जण्डिस, मुटु भड्किने, ब्लड प्रेसर घटबढ हुने, पिसाब बढी लाग्ने (सुगर रोग), थाइराइड रोगका बिरामीहरुले समयमै सम्पर्क गरी स्वास्थ्यलाभ लिनुहुन अनुरोध गर्दछौं ।



डा. दिपक बगाले
वरिष्ठ रेडियोलोजिष्ठ

म्याग्दी जिल्लामै अत्याधुनिक भिडियो एक्सरे मेसिन मार्फत् पेट सम्बन्धी रोगहरु: कलेजो, पित्तथैली, मृगौला, फियो, पिसाव थैली प्रोस्टेट, एपेन्डिक्स लगाएतका अंगहरुमा हुने सुन्निने, पत्थरी पर्ने, पिप जम्ने, गिर्खा आउने ट्यूमर पलाउने क्यान्सर जस्ता धेरै रोगहरु पत्ता लगाउन सकिन्छ । साथै पाठेघरको अवस्था, गर्भमा रहेको भ्रुणको स्थान, उमेर, जुम्ल्याह भए नभएको, भ्रुणको समय अनुसार हुनुपर्ने विकास भए नभएको तथा गर्भावस्थाको पाँचौ महिनामा (१८ देखि २२ हप्ता) गरिने जाँच Anomaly Scan मार्फत् भ्रुणको शारीरिक बनोटको विस्तृत अध्ययनबाट जघन्य खोटहरु पत्ता लगउन सकिन्छ । थाइराइड, स्तन, अन्डकोष, माशपेशी र रक्तनलीको भिडियो एक्सरे द्वारा जाँच गरी रोगहरु पत्ता लगाउन सकिन्छ ।

२०८२ कार्तिक २२ शनिबार

९८५७६२४३५३-शम्भुराज पाण्डे, ९८६७६२९४२४-अमरप्रसाद पाण्डे
०६९-५२०१९२, ५२०६८८

- दैनिक रुपमा डाक्टरहरुद्वारा बिरामी परीक्षण तथा भिडियो एक्स-रे सेवा
- डिजिटल एक्स-रे, इसिजी, गुणस्तरीय ल्याब (प्रयोगशाला) सेवा
- गुणस्तरीय फार्मेसी सेवा

अग्रिम बुकिङको पनि व्यवस्था छ ।

प्रो.पुर्ण गौचन ९८५७६३०२७८

होटल हिलभ्यू, थकाली भान्साघर

पिपलचोक, बेनी, म्याग्दी

फोन :- ०६९-५२११५८/५२०३५९

पारिवारीक वातावरणमा आरामदायी वास तथा, कन्टीनेन्टल, नेपाली तथा स्वादीलो थकाली खनाकालागि सदैव हामीलाई सम्झनुहोस ।

सम्पादकीय

## पर्यटन अनि स्वास्थ्यको संगम

हिमाली जिल्ला म्याग्दीको बेनी नगरपालिका-४ स्थित सिंगा तातोपानी कुण्ड केवल नुहाउने पोखरी मात्र होइन । यो पोखरीलाई आफ्नै तरिकाले ब्याख्या गर्ने गरिएला तर यो जिल्लाको स्वास्थ्योपचार र पर्यटन विकासको साझा केन्द्र बनेको छ भन्दा फरक पर्दैन । असार देखि केही कम हुने भीडभाड असोज महिनाको आगमनसंगै यहाँको परिवेशमा आउने परिवर्तन हेर्नलायक हुन्छ । तातोपानीको गर्माहट र वाफसँगै गाउँ नै पर्यटक र बिरामीको उपस्थितिमा रौनक बन्ने गर्छ । सदरमुकाम बेनीदेखि पश्चिमतर्फ नौ किलोमिटर दुरीमा रहेको यो कुण्डमा गत वर्ष हेर्दा देशका ६० भन्दा बढी जिल्लाबाट मात्र नभई कोरिया, जापान, पोल्याण्ड, भारत, रसिया, इजरायल, युक्रेन, स्कटल्याण्ड जस्ता देशका नागरिकहरु समेत आएको तथ्यले पनि यसलाइ पुष्टि गरेको छ । स्थानीयले गर्वका साथ भन्छन् तातोपानीले हाम्रो गाउँ मात्र होइन, हाम्रो पहिचान पनि न्यानो बनाएको छ ।

म्याग्दी नदी किनारमा प्राकृतिक रुपमा ५० डिग्री सेल्सियस तापक्रममा बिरेनुनको गन्ध आउँने तातोपानी निस्कन्छ। यही पानीलाई संकलन गरी पोखरीमा राखिएको छ । जसमा स्नान गर्दा छाला, वाथ, ग्यास्ट्रिक, चोटपटक, थकान जस्ता समस्या निको हुने जनविश्वास छ। तातोपानी कुण्ड व्यवस्थापन समितिका अनुसार, अहिले बिहान देखि साझँ सम्म महिला र पुरुषको छुट्टाछुटै समुह बनाएर दुई-दुई घण्टाका सत्रमा स्नानको व्यवस्था मिलाइएको छ । यो जनस्वास्थ्यसँग जोडिएको परम्परा मात्र होइन, स्थानीय अर्थतन्त्रलाई पनि न्यानो पार्ने स्रोत बनेको छ। १० दिनका लागि ३५० रुपैयाँ प्रवेश शुल्क लिइन्छ, जसको १३ प्रतिशत कर राज्यलाई र २५ प्रतिशत राजस्व बेनी नगरपालिकामा बुझाइन्छ।

तातोपानी कुण्ड अहिले असोजदेखि बैशाखसम्मको मुख्य सिजनमा दैनिक १५ सयजना पर्यटक र बिरामीका आवाजले गुञ्जायमान रहन्छ। २० भन्दा बढी होटल तथा होमस्टेहरू अहिले पुरै भरिएका हुन्छन्। स्थानीय व्यवसायी इश्वरसिंह केसी भन्छन् यो बेला त पाहुनाले घरभित्रका कोठा भाडामा लिएर आफैं पकाएर खानु पर्ने अवस्था हुन्छ। गत आर्थिक वर्षमा मात्रै २० हजार ३ सय ४७ जना बिरामी र पर्यटकले स्नान गरेका थिए। त्योभन्दा अघिल्लो वर्षहरूमा यो संख्या क्रमश: १९ हजार ४ सय ३, १८ हजार २ सय ५८, १० हजार ९ सय २० र ७ हजार ६ सय ९१ रहेको थियो।

सिंगा तातोपानी कुण्डको एकिन इतिहास नपाइए पनि, यस क्षेत्रमा बस्ती बस्नुअघि नै म्याग्दी, पर्वत र बागलुङ्का वासिन्दा वडार र पौवाहरूमा बस्दै यहाँ नुहाउन आउँथे भन्ने किंवदन्ती पाइन्छ। यो परम्परा आज पनि जस्ताको तस्तै निरन्तरता पाइरहेको छ, फरक केवल आधुनिक व्यवस्थापन र पर्यटनको आकर्षणले थपिएको हो। तातोपानी कुण्ड केवल गर्मी पानीको स्रोत होइन यो स्वास्थ्य, संस्कृति र पर्यटनको संगम हो। यहाँको व्यवस्थापनले पारदर्शिता र सेवा सुधारमा ध्यान दिंदै आएको छ भने स्थानीयले पाहुनालाई आफ्नै परिवारझैं स्वागत गर्छन्। नेपालमा स्वास्थ्य-पर्यटनको सम्भावनाको कुरा गर्दा सिंगा तातोपानी कुण्ड जिवन्त उदाहरण हो। यदि यातायात, होटलस्तर र प्रचार-प्रसारमा अझ लगानी गरियो भने, यो क्षेत्र केवल म्याग्दीको गर्व होइन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आकर्षणको केन्द्र बन्ने निश्चित छ।

# नेपालका लागि फाइदा कि खतरा ?



धर्मकान्त पौडेल

नेपालले हाल संसदीय प्रणालीमा आधारित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक ब्यबस्था अबलम्बन गरेका छन् । जहाँ प्रधानमन्त्री कार्यकारी प्रमुख रहन्छन् । पछिल्ला वर्षहरुमा राजनीतिक अस्थिरता, सरकारको बारम्बार परिवर्तन र नीति-निर्णयमा ढिलाइले गर्दा धेरैले "कार्यकारी प्रमुखहुने प्रणाली" (Executive Presidential System) प्रति चासो देखाएका छन् । Gen Z आन्दोलन पछी यो वहस अझै उत्कर्षमा पुगेको देखिन्छ । कतिपयले यसलाई स्थिरताको उपायका रुपमा प्रस्तुत गर्ने गरेका छन् भने केहीले अधिनायकत्वको खतरा रहेको भन्दै सचेत गराउँछन् । तर प्रणालीगत कमजोरी र ब्यवहारगत त्रुटिले गर्दा "के अब कार्यकारी प्रमुख हुने ब्यवस्था उपयुक्त होला ? भन्ने बहस तीव्र भएको छ ।

**विश्व-परिप्रेक्ष्यमा शासन प्रणालीका दुई मुख्य ढाँचा**

विश्वका लोकतान्त्रिक देशहरुमा दुई प्रमुख शासन प्रणालीहरू संसदिय प्रणाली र कार्यकारी राष्ट्रपतिय प्रणाली रहेको पाइन्छ । संसदीय प्रणाली (जस्तैः भारत, बेलायत, नेपाल, जापान) मा प्रधानमन्त्री संसदको बहुमतका आधारमा चुनिन्छ र संसदप्रति उत्तरदायी रहन्छ । कार्यकारी राष्ट्रपतिय प्रणाली (जस्तैः अमेरिका, फ्रान्स, दक्षिण कोरिया, ब्राजिल) मा जनताद्वारा प्रत्यक्ष रुपमा राष्ट्रपतिको छनोट गर्ने र राष्ट्रप्रमुख र सरकार प्रमुख दुवै हुने ब्यबस्था रहेको छ । कार्यकारी प्रधानमन्त्रीको ब्यवस्था भने विश्वमा खासै प्रचलनमा रहेको पाईदैंन । संसदीय प्रणालीमा साझा निर्णय र जवाफदेहिता बलियो हुन्छ भने राष्ट्रपतिय प्रणालीमा निर्णय क्षमता र स्थिरता प्रबल हुन्छ । तर हरेक देशमा यो प्रणाली सफल वा असफल हुनु त्यस देशको राजनीतिक संस्कार, संस्थागत परिपक्वता र नागरिक चेतनामा निर्भर गर्छ । कुनैपनी राजनीतिक ब्यवस्थाहरू आफैमा सवल र दुर्बल हुदैंनन् ।

**नेपालमा वर्तमान संसदीय प्रणालीको अनुभव**

नेपालले २०६३ पछि संसदीय लोकतन्त्रलाई पुनर्स्थापना गर्दै संघीय गणतन्त्रमा प्रवेश गर्‍यो । यो प्रणालीले प्रतिनिधित्व, समावेशिता र अधिकार वितरणका दृष्टिले धेरै सकारात्मक उपलब्धि दिलाएको छ । तर ब्यवहारमा केही चुनौतीहरु रहेका छन् । छोटो अवधिमा पटक-पटक प्रधानमन्त्री परिवर्तन हुदाँ सरकारको अस्थिरता वढाएको छ । दलगत स्वार्थ र गठबन्धनको राजनीतिले नीति भन्दा पदमा जोड दिएको देखिन्छ । सहमति र समर्थनका नाममा विकासमा अवरोध हुदाँ निर्णयमा ढिलाइ हुने गरेको छ । राजनीतिक स्थिरता र नतिजा नदेखिँदा प्रणालीप्रतिको विश्वास घट्दै गएको छ र जनतामा निराशा बढ्दो छ । यी कारणले केही वर्गले नेपालमा जनमतले चुनेको कार्यकारी प्रमुख भए, राजनीतिक अस्थिरता घट्थ्यो भन्ने ठान्छन् ।

**कार्यकारी प्रमुख हुने प्रणालीको सम्भावित फाइदाहरु**

कार्यकारी राष्ट्रपतिय प्रणाली ल्याउँदा नेपालले केही सम्भावित फाइदाहरु पाउन सक्छ जसवाट राष्ट्रपतिको कार्यकाल निश्चित हुने र सरकार बारम्बार नढल्ने हुदाँ राजनीतिक स्थिरताको सम्भावना बढी रहन्छ । संसदको मतमा निर्भर नहुँदा तत्काल नीति निर्णय सम्भव हुने र निर्णयक्षमता बलियो हुन्छ । सफल वा असफल शासनको जिम्मेवारी सीधै एक ब्यक्तिको काँधमा रहदाँ स्पष्ट उत्तरदायित्व हुन्छ । कार्यकारी ब्यक्ति चयनमा जनताको प्रत्यक्ष सहभागिता हुने हुदाँ राष्ट्रपतिको वैधता बलियो हुने हुन्छ । तर यी सम्भावनाहरु संस्थागत तयारी र राजनीतिक संस्कारमा निर्भर गर्छन् । बलियो संविधान, स्वतन्त्र न्यायपालिका, र निष्पक्ष निर्वाचन प्रणाली बिना कार्यकारी राष्ट्रपतिय ब्यवस्था उल्टै खतरा बन्न सक्छ ।

**कार्यकारी प्रमुख हुने प्रणालीको सम्भावित जोखिम र चुनौतीहरु**

नेपालमा कार्यकारी राष्ट्रपतिय प्रणाली लार्गं हुदाँ केही गम्भिर जोखिमहरु देखिन सक्छन जहाँ कमजोर सन्तुलन प्रणाली भएका देशमा शक्ति एकै ब्यक्तिमा केन्द्रित हुँदा अधिनायकत्व बढ्ने सम्भावना रहन्छ । नेपालमा संघ, प्रदेश र स्थानीय तहको सन्तुलन अझै नभएकाले कार्यकारी राष्ट्रपतिले प्रदेश तथा स्थानीय सरकारहरु कमजोर पारी संघीय असन्तुलन पार्न सक्छन् । प्रत्यक्ष चुनावमा जनसंख्या बढी भएको क्षेत्र वा समुदायको प्रभुत्व बढ्ने सम्भावना रहन्छ जसले राष्ट्रिय एकतामा असर पार्न गई जातीय-क्षेत्रीय विभाजनको जोखिम रहन सक्छ । राष्ट्रपति र संसदबीच टकराव हुँदा प्रणालीगत अवरोध र संवैधानिक संकटआउन सक्छ । नेपालका राजनीतिक दलहरु, न्यायपालिका, र प्रशासन अझै स्थायी संस्थागत संस्कारमा पुगिसकेका छैनन यस्तो अवस्थामा कार्यकारी प्रणाली असन्तुलित हुन सक्छ ।

**अन्तर्राष्ट्रिय उदाहरण र सिकाइ**

विश्वका लोकतान्त्रिक देशहरुमा शासन प्रणालीका विभिन्न ढाँचा पाइन्छन्, जसलाई मंलतः दुई प्रमुख समंहमा विभाजन गर्न सकिन्छ संसदीय प्रणाली र कार्यकारी राष्ट्रपतिय प्रणाली । केही मुलुकमा यी दुवैको मिश्रण पनि देखिन्छ, जसलाई अर्ध-राष्ट्रपतिय प्रणाली भनिन्छ । नेपालले जब आफ्नो शासन प्रणालीबारे पुनर्विचार गर्न खोज्छ, तब विश्वका यी विविध उदाहरणहरुबाट धेरै कुरा सिक्न सकिन्छ ।

संसदीय प्रणालीको आदर्श उदाहरण बेलायत हो । त्यहाँको शासन प्रणालीमा प्रधानमन्त्री संसदको बहुमतबाट चयन हुन्छ, र राष्ट्रप्रमुखको भंमिका केवल औपचारिक हुन्छ । बेलायतमा राजनीतिक दलहरुको अनुशासन, संसदको निरन्तरता, र शताब्दीऔं पुरानो लोकतान्त्रिक परम्पराले संसदीय प्रणालीलाई बलियो र स्थिर बनाएको छ । यसले देखाउँछ कि संसदीय प्रणाली केवल कानुनी संरचनाको कुरा होइन, राजनीतिक ब्यवहार र उत्तरदायित्वको संस्कार पनि हो ।

भारत पनि संसदीय प्रणालीमा चल्ने अर्को सफल उदाहरण हो । विविध जातीय, भाषिक र धार्मिक पृष्ठभंमि हुँदाहुँदै पनि भारतमा संघीय र संसदीय प्रणालीले सन्तुलन कायम गरेको छ । प्रधानमन्त्री संसदबाटै उठ्ने हुँदा संसदप्रतिको उत्तरदायित्व बलियो छ । भारतमा स्वतन्त्र निर्वाचन आयोग, उच्च न्यायालयको सुदृढता र प्रेस स्वतन्त्रताले पनि लोकतन्त्रलाई निरन्तरता दिएको छ । यसले देखाउँछ कि संसदीय प्रणाली स्थिर हुनका लागि राजनीतिक दलहरुको परिपक्वता र संस्थागत स्वायत्तता अत्यावश्यक हुन्छ ।

जर्मनीको अनुभव अझै रोचक छ । द्वितीय विश्वयुद्धपछिको पुनर्निर्माण कालमा जर्मनीले संसदीय प्रणालीलाई " Constructive Vote of No Confidence " नामक सशक्त प्रावधानसहित लार्गं गर्‍यो । यस अन्तर्गत संसदले प्रधानमन्त्रीलाई हटाउन चाह्यो भने पहिले नयाँ प्रधानमन्त्रीको नाम तय गर्नुपर्छ । यसले बारम्बार सरकार ढल्ने अस्थिरता रोकिदियो र संसदीय प्रणालीलाई स्थिर बनायो । जर्मनीको यो प्रावधान नेपालका लागि पनि एउटा महत्वर्पूर्ण सिकाइ हो । यसवाट के स्पस्ट हुन्छ भने प्रणाली होइन, त्यसभित्रका संवैधानिक संयन्त्रहरुले नै स्थायित्व दिन सक्छन् ।

कार्यकारी राष्ट्रपतिय प्रणालीको सन्दर्भमा सबैभन्दा उल्लेखनीय उदाहरण अमेरिका हो । त्यहाँ जनताले प्रत्यक्ष रुपमा राष्ट्रपति चयन गर्छन्, र उनले संसद (कांग्रेस) बाट स्वतन्त्र भएर कार्यकारी शक्ति प्रयोग गर्छन् । अमेरिकाको प्रणाली सफल हुनाको कारण केवल शक्ति-केन्द्रिकरण होइन, बलियो नियन्त्रण र सन्तुलन हो । न्यायपालिका, संसद र प्रेसले राष्ट्रपतिलाई नियन्त्रण गर्ने स्पष्ट अधिकार पाएका छन् । यी सन्तुलनले कार्यकारी राष्ट्रपतिय प्रणालीलाई प्रभावकारी मात्र होइन, लोकतान्त्रिक पनि बनाएको छ । यसको मुख्य सिकाइ भनेको शक्तिको एकीकरणसँगै सन्तुलन र जवाफदेहिता पनि अनिवार्य हुनुपर्छ ।

तर हरेक देशमा यस्तो प्रणाली समान सफल भएको छैन । श्रीलंकाले १९७८ मा कार्यकारी राष्ट्रपतिय प्रणाली अपनायो, तर त्यहाँ शक्ति केन्द्रिकरण र अधिनायकवादको समस्या चर्कियो । राष्ट्रपतिलाई अत्यधिक अधिकार दिइएपछि संसद कमजोर बन्यो, र निर्णयहरु ब्यक्तिवादी ढंगले हुन थाले । जातीय द्वन्द्व, शासनमा असन्तुलन, र आर्थिक संकटसम्म पुग्दा श्रीलंकाली जनताले पुनः कार्यकारी राष्ट्रपतिलाई सीमित गर्न माग गरे । यस अनुभवले देखाउँछ संबैधानिक सन्तुलन र संस्थागत नियन्त्रण कमजोर भएका देशमा कार्यकारी राष्ट्रपतिय प्रणाली उल्टै अस्थिरता र असन्तुलनको स्रोत बन्न सक्छ ।

फ्रान्सले यी दुवै प्रणालीको मिश्रण अर्थात् अर्ध-राष्ट्रपतिय प्रणाली अवलम्बन गरेको छ । त्यहाँ राष्ट्रपति जनताबाट प्रत्यक्ष निर्वाचित हुन्छन् र प्रधानमन्त्री संसदबाट । राष्ट्रपतिको जिम्मा राष्ट्रिय नीति, विदेश नीति र सुरक्षा विषयमा केन्द्रित हुन्छ भने प्रधानमन्त्रीले दैनिक प्रशासनिक काम सम्हाल्छन् । यस्तो शक्ति बाँडफाँडले फ्रान्समा स्थिरता र सन्तुलन दुवै कायम गरेको छ । तर कहिलेकाहीं राष्ट्रपति र प्रधानमन्त्री फरक दलका हुँदा नीतिगत टकराव पनि देखिन्छ । फ्रान्सको अनुभवले नेपालजस्ता संक्रमणशील लोकतन्त्रलाई सन्देश दिन्छ कि मिश्रित प्रणाली पनि प्रभावकारी हुन सक्छ, तर त्यसका

बाँकी पाँचौं पृष्ठमा

# लक्षितवर्ग समेट्ने खालको कानुन बनेको छ




**गण्डकी प्रदेशको हिमाली जिल्लाहरु मध्ये म्याग्दी पनि एक हो । तुलनात्मक रुपले हेर्ने हो भने सुगम मात्रै नभएर दुर्गम क्षेत्रको पनि प्रतिनिधित्व गर्छ यो स्थानीय तह रघुगंगा गाउँपालिकाले । भौतिक पूर्वाधारसँगै मानवीय विकासका पनि थुप्रै काम भइरहेका छन् । यस गाउँपालिकाले शिक्षा, स्वास्थ्य र खाद्य अधिकार कार्यान्वयनमा कसरी काम गरिरहेको छ त ? यसै सन्दर्भमा इन्सेक म्याग्दी जिल्ला प्रतिनिधि अमृतप्रसाद पौडेल(अमृत बास्कुने)ले न्यायिक समितिका संयोजक समेत रहनु भएका रघुगंगा गाउँपालिकाका उपाध्यक्ष प्रेमकुमारी पुन सँग गर्नुभएको कुराकानीको सारसंक्षेप यहाँ प्रस्तुत गरिएको छ ।**

**पीडितलाई न्याय दिनका लागि के कसरी काम गरिरहनु भएको छ ?**

म यस गाउँपालिकामा उपाध्यक्षमा निर्वाचित भएर आए सँगै यहाँका सबै पक्षलाई समेटेर काम गर्ने जमर्को गरेको छु । कसैले पनि आफूलाई अन्याय परेको भनेर महशुष नगर्ने वातावरण सृजना गर्ने प्रयास गरी सबै पक्षलाई न्याय मिलोस भनेर न्याय सम्पादनमा हामीले मेलमिलापमै ध्यान दिएका छौं । मेलमिलापमा ध्यान दिँदै गर्दा हरेक वडामा मेलमिलापकर्ताहरु व्यवस्थापनको प्रयास पनि गरेका छौं । उहाँहरुमार्फत आठ ओटै वडामा निवेदन लिने र वडामै मेलमिलापका लागि प्रयास गरिन्छ । त्यहाँबाट समस्या समाधान नहुने भएपछि मात्रै गाउँपालिकामा आउने र यहाँ पनि सम्भव नभए अदालतसम्म पुऱ्याउने काम पनि हुन्छ । साथै हामीले सचेतनाको कार्यक्रम पनि गरिरहेका हुन्छौं । हाम्रो नेपाली समाजमा रूढीवादी परम्परा ब्याप्त नै छ । त्यसले गर्दा पनि थप केही समस्या पक्कै पनि हुन्छ । स्थानीय तहले कुनै पनि नागरिकहरूले आफू अन्याय पर्दा कहाँ जाने भन्ने विषयमा चेतनाका कार्यक्रमहरू पनि सञ्चालन गरेका छौं ।

ग्रामिण भेकमा महिला तथा बालबालिकाहरू पनि हिंसामा नपरून भनेरै सञ्चालन गरिएका कार्यक्रमले गर्दा त्यसले धेरै सजिलो बनाउने गरेको अनुभव हामीले गरेका छौं । हाम्रो ग्रामिण भेकका कतिपय स्थानमा अहिले पनि सुत्केरीलाई छुन हुँन्न भन्ने धारणा पनि छ हाम्रो समाजमा । कुनै पनि महिला गर्भवती हुदा देखि नै उनको स्याहार सुसारका साथै स्वास्थ्य लगायतका विषयमा ध्यान दिन पर्ने भए पनि छुनै नहुने सम्मका गलत परम्परा तथा धारणाका विरुद्ध अभियान नै सञ्चालन गरेर सुत्केरीलाई नछुने नभएर अझ धेरै स्याहार गर्ने हो भन्ने सममको धारणा विकास गर्दै आएका छौं ।

**पीडित पुनस्र्थापना तथा आयआर्जनका लागि केही काम भएका छन् कि छैनन् ?**

हामीले कुनै पनि महिला बालबालिका तथा आम नागरिकहरू हिंसाको सिकार नबनुन भनेर प्रयास गरेका छौं । पुरूष प्रधान हाम्रो समाजमा महिलामाथि हिंसा हुनुको एउटा कारण आर्थिक समस्या पनि हो । त्यसैले हिंसा पीडित, एकल महिला, असहायको आर्थिक उपार्जनका लागि सिप विकास तालिम तथा आर्थिक सहयोग समेत गर्ने गरिएको छ । महिलाहरूको क्षमता विकास तथा सिप विकास तालिम जस्ता कार्यक्रमले महिलाहरूको आर्थिक उपार्जनमा सबलिकरण गर्ने काम भएको छ । जब महिला आर्थिक रूपमा सवल र सक्षम हुन थाल्छिन् यसले हिंसा कम भएको पनि पाइएको छ । सीप सिकाएर आत्मनिर्भर बनाउने प्रयास पनि गरेका छौं । एकल महिला र असहायलाई हामीले सिलाई कटाई, ब्यूटिपार्लर, कृषि र प्लम्बिङको तालिम दिनका लागि हामीले सहकार्य गर्ने पनि गरेका छौं । यस्तो गर्दा घरमै बसेर अफैले आफ्नो लागि केही गर्न सक्ने बन्ने भएकाले पनि त्यस तर्फ हामीले ध्यान दिएका छौं ।

**शिक्षा, स्वास्थ्य र खानेपानीको समस्या के कस्तो छ ?**

शिक्षा स्वास्थ्य तथा खानेपानी लगायतको समस्या भनेको राष्ट्रिय समस्या हो । अझ हाम्रो जस्तो हिमाली जिल्ला भएकाले सरकारले दिएको दरबन्दीमै शिक्षक परिपूर्ति हुन सकेको अवस्था हुदैन । विज्ञान, गणीत तथा अंग्रेजीका शिक्षक पदपुर्ती गर्न त यहाँ धेरै समस्या हुन्छ नै तर पनि हामीले यस क्षेत्रमा ध्यान दिएर समस्या नहुने गरी काम गरेका छौं ।

समस्या नै नहोस भन्ने चाहना हुदै गर्दा पनि कहि कतै देखिन सक्ने भएकाले सकेसम्म समस्या कम होस भनेर अगाडी बढी रहेको अवस्था छ । अन्यत्रको तुलनामा हेर्दा हाम्रो गाउँपालिकामा शिक्षा स्वास्थ्य तथा पिउने पानीको समस्या कम नै हो । तर पनि रघुगंगा गाउँपालिकाको केन्द्र रहेकै क्षेत्रमा जलविद्युतका कारण पिउने पानीको मुहानहरू सुक्ने समस्या छ । यसलाई निराकरण गर्नका लागि बृहत खानेपनी योजना सञ्चालनको तयारीमा पनि रहेको छ ।

**तपाईले गर्ने कामहरू अनि काम गर्ने समयमा मुद्दा मिलानका लागि दवाव आउने गरेको छ कि छैन ?**

हाम्रो गाउँपालिकामा कतिपय समस्याहरू होलान् तर पनि समस्याहरू हामी सम्म पनि सबै आइ नपुग्ने भएकोले आएकालाई सही तबरले न्याया सम्पादनको काम हुने गरेको छ । यसरी हामी सम्म आएका उजुरीहरुमा कसैलाई पनि अन्याय भएको महशुष नहोस भन्ने चाहना अनुरूप काम गर्ने भएकोले होला साहेद हाल सम्म कतैबाट पनि दवाव आएको महशुष भएको छैन । पीडितले न्याया पाएको र जो पिडक भनिएको छ उसले पनि आफूले गल्ती गरेको महशुष गरेर आफैं न्यायका लागि तदारूकता देखाउने खालको वातावरण सृजना गर्ने तर्फ हाम्रो ध्यान भएकोले पनि खास दवाव नआएको हुन पर्छ । अहिले सम्म त्यस्तो दवाव आएको भन्ने मलाई याद छैन ।

**महिला तथा मानवअधिकार मैत्री कानुन निर्माण तथा बजेट निर्माणमा यहाको भूमिका कस्तो रहेको छ ?**

स्थानीय तहको निर्वाचनबाट हामी निर्वाचित भएर आए पछि तीन वटा बजेट निर्माण हामीले गरी सकेका छौं । अहिले सम्म बजेट निर्माण गर्दा धेरै काम भएको छ । हामी सँग श्रोत सिमिति छन् र भएको श्रोतको उचित तबरले प्रयोग गर्ने तर्फ नै ध्यान केन्द्रीत गरेर काम गर्ने गरिएको छ । मानवअधिकार तथा महिला एवम् बालबालिकाको अधिकारका लागि सहज हुने खालको कानुन निर्माण र लक्षित बर्गलाई समेट्ने खालको कानुन निर्माणमा मेरो ध्यान रहने गरेको छ ।

**महिला र पुरुषमा भेदभाव वा अन्तर के कस्तो रहेको छ गाउपालिकामा ?**

खासमा हाम्रो नेपाली समाज नै महिलालाई खासै विश्वास नगर्ने खालको छ । त्यसबाट हाम्रो पालिका पनि अछुतो रहने कुरै भएन ।

उपाध्यक्ष महिला हुने जस्तो मानसिकता यहाँ पनि नभएको होइन । हामीले जति नै राम्रो काम गर्दै गर्दा पनि कतिपय अवस्थामा महिलाले गरेको काम भन्ने खालको धारणा पनि आउने गर्दछन् । तर पनि कसले के भन्लान् भन्दा पनि हामीले के गर्ने भन्ने हिसाबले काम गर्ने गरिएको छ र यहाँका जनताको पक्षमा कम गर्नका लागि नै हामी आएको भन्ने सोचेर त्यही अनुसार काम गर्ने गरेको छ ।

**विपद् व्यवस्थापनमा सहयोगी बनौं**

- विपदले आपतकालीन अवस्था सृजना गर्न सक्छ ।
- विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ ।
- विपदबाट प्रभावितको जीवनरक्षाका लागि सहयोग गरौं ।
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं ।
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं ।
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं ।
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं ।
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौं ।
- उद्दार, राहत र पुर्नस्थापनामा सहभागी बनौं ।

**हरिनास गाउँपालिकाको कार्यालय**
स्याङ्जा

# पत्रकारिताका दुई पुस्तक सार्वजनिक

पत्रकार विनोद प्रसाद शर्मा (विनोद धौलागिरि) का दुई पुस्तक सार्वजनिक भएका छन् । पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गत स्नातकोत्तर तहको मिडिया टेक्नोलोजी विषयका "लेखन र सम्पादन" तथा "लेखन कला" विषयका पुस्तक राष्ट्रिय सँचना आयोगका प्रमुख सँचना आयुक्त डा. सुरेशप्रसाद आचार्य र सेफर्ड कलेज काठमाण्डौका क्याम्पस प्रमुख कविता शर्माले संयुक्त रूपमा सार्वजनिक गर्नुभएको हो । सेफर्ड कलेज काठमाण्डौमा आयोजना गरिएको सो पुस्तक सार्वजनिकीकरण कार्यक्रममा प्रमुख सँचना आयुक्त आचार्यले पत्रकारिता अध्ययनमात्र नभई विषयगत ज्ञान, सीप र लेखन कलाका लागि दुई पुस्तक उपयोगी हुने बताउनुभयो ।

सेफर्ड कलेजका क्याम्पस प्रमुख कविता शर्माले पाठ्यक्रममा आधारित पुस्तक प्रकाशन हुनु खुशीको कुरा भएको बताउनुभयो । पुस्तकका लेखक विनोद धौलागिरिले आफूँहरूले अध्ययन गर्दा पाठ्यक्रममा आधारित पुस्तकको अभाव भएकोले सो अभाव पूरा गर्नका लागि पुस्तक तयार गरेको बताउनुभयो । दुवै पुस्तक पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गत मास्टर्स इन मिडिया टेक्नोलोजी विषयको प्रथम सेमेष्टरमा अध्यापन हुन्छ ।

# बैंकर्स क्लबमा सापकोटा

बैंकर्स क्लब म्याग्दीको सोमबार भएको भेलाले सिद्धार्थ बैंकका प्रबन्धक नारायण सापकोटाको अध्यक्षतामा नयाँ समिति गठन गरेको छ । म्याग्दीमा सञ्चालित वाणिज्य बैंक तथा विकास बैंकका शाखा प्रमुखहरू आबद्ध रहेको संस्था बैंकर्स क्लबको भेलाबाट अध्यक्षमा सर्वसम्मत रूपमा सापकोटालाई चयन गरेको हो । क्लबको वरिष्ठ उपाध्यक्षमा सिटिजन्स बैंकका सुमित सुवेदी, सचिवमा कृषि विकास बैंकका आशिष पौडेल, कोषाध्यक्षमा प्राईम कमर्सियल बैंकका मुरारी रिजाल र सहसचिवमा कुमारी बैंकका मिलनकुमार श्रेष्ठ चयन हुनुभएको छ । यसैगरी क्लबको कार्यसमिति सदस्यहरूमा ग्रीन डेभलपमेन्ट बैंक अमृतकुमार श्रेष्ठ, माछापुच्छ्रे बैंकका मानप्रसाद शर्मा र कामना सेवा विकास बैंकका अजित बरूवाल रहनुभएको छ ।

बैंकर्स क्लब पुनर्गठन कार्यक्रमको अवसरमा हालै म्याग्दीबाट सरूवा भएर जान लाग्नुभएका ग्लोबल आईएमई बैंक बेनी शाखाका प्रबन्धक एवं क्लबका निवर्तमान अध्यक्ष शोकेन्द्र थापा मगरलाई क्लबको तर्फदेखि बिदाई गरिएको थियो । सोही क्रममा ग्लोबल आईएमई बैंकमा नवआगन्तुक शाखा प्रमुख टङ्क शर्मालाई क्लबमा स्वागत गरिएको अध्यक्ष सापकोटाले जानकारी दिनुभयो ।

# क्याम्पस र ग्रीन बैंकबीच सम्झौता


म्याग्दी बहुमुखी क्याम्पस र ग्रीन डेभलपमेन्ट बैंकको बीचमा रोजगार सुनिश्चितताका लागि सम्झौता भएको छ । क्याम्पसमा आयोजित एक समारोहबीच क्याम्पस र बैंकबीच MoU अर्थात् समझदारीपत्रमा हस्ताक्षर गरिएको हो । क्याम्पस प्रमुख श्रीधर सुवेदी र ग्रीन डेभलपमेन्ट बैंकका प्रमुख कार्यकारी अधिकृत (सिईओ) हरिबहादुर बुढाथोकीले संयुक्त रूपमा हस्ताक्षर गर्नुभयो । समुदायस्तरबाट सञ्चालित म्याग्दी बहुमुखी क्याम्पसमा अध्ययनरत उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरूलाई रोजगारको सुनिश्चिततासहित आवश्यक सहयोग गर्ने गरी समझदारी भएको छ । ग्रीन डेभलपमेन्ट बैंकसँग म्याग्दी बहुमुखी क्याम्पसले गरेको सम्झौता अनुसार उत्कृष्ट अङ्कसहित उत्तीर्ण हुने क्याम्पसका विद्यार्थीहरूलाई रोजगारको ग्यारेण्टी, इन्टर्नसिप गर्न पाउने अवसर, छात्रवृत्तिको कार्यक्रम, पेशा तथा व्यवसायका साथै आवश्यक सहयोग उपलब्ध हुने क्याम्पस प्रमुख सुवेदीले बताउनुभयो । समझदारीपत्रमा हस्ताक्षर गरेसँगै क्याम्पस र बैंकबीच सहकार्य गर्ने वातावरण समेत निर्माण भएको छ भने म्याग्दी बहुमुखी क्याम्पसबाट उत्पादित दक्ष जनशक्तिलाई रोजगारको अवसर सुनिश्चित हुने अपेक्षा गरिएको छ । वि.सं. २०४८ सालमा स्थापना भएको म्याग्दी बहुमुखी क्याम्पसमा हाल कक्षा ११ देखि स्नातकोत्तर तहसम्म अध्ययन तथा अध्यापनको कार्य भैरहेको छ ।

# ट्राफिक प्रहरीलाई चस्मा सहयोग

राजमार्ग र सहायक मार्गसहित बजार क्षेत्रमा दैनिक डियुटीमा खटिरहने ट्राफिक प्रहरीहरूमा आँखाको सुरक्षाको लागि बेनीमा चस्मा प्रदान गरीएको छ । नेपाल नेत्रज्योति संघ त्रिपुरेश्वर काठमाडौंको आयोजना र नेत्रज्योति संघ म्याग्दी शाखाको समन्वयमा जिल्ला ट्राफिक प्रहरी कार्यालय म्याग्दीलाई चस्मा उपलब्ध गराईएको हो ।

नेपालको संखुवासभा जिल्ला घर भई अमेरिकामा बस्दै आउनुभएका नारायण श्रेष्ठ र उहाँकी पत्नी सिर्जना श्रेष्ठको सहयोगमा नेत्रज्योति संघमार्फत ट्राफिक प्रहरीहरूलाई सोमबार एक समारोहबीच चस्मा वितरण गरिएको छ । म्याग्दी जिल्लामा कार्यरत ट्राफिक प्रहरीहरूलाई लक्षित गर्दै तत्कालको लागि आवश्यकता अनुसार चस्मा हस्तान्तरण गरिएको नेपाल नेत्रज्योति संघ जिल्ला शाखा म्याग्दीका सभापति अमर बानियाँले जानकारी दिनुभयो । उक्त चस्माहरू नेत्रज्योति संघका केन्द्रीय महासचिव भरतबहादुर चन्द, म्याग्दी सभापति बानियाँ र सहयोगदाता दम्पतिले जिल्ला प्रहरी कार्यालय म्याग्दीका प्रहरी निरीक्षक सागर तिमिल्सीना र जिल्ला ट्राफिक प्रहरी कार्यालय प्रमुख प्रहरी सहायक निरीक्षक (असइ) विशाल परियारलाई हस्तान्तरण गर्नुभएको थियो ।

# साप्ताहिक राशीफल




मिति :- २०८२/०७/२१ देखि २७ सम्म

**मेष** - Aries (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)
खर्चिलो काम गर्नुपर्ने समय छ। नयाँ काम बन्ने संकेत प्राप्त हुनाले लगानी जोहो गर्नुपर्ने देखिन्छ। अनावश्यक घुमघाम र किनमेलमा रकम खर्च नगर्नुहोला। दिगो काममा थालनी गर्ने समय छ। केही चुनौती सुल्झाएर मात्र अघि बढ्न सकिनेछ। मंगलवारदेखि स्थितिमा सुधार आउनुका साथै नयाँ अवसर प्राप्त हुनेछन्। मिहिनेतले मान-सम्मान दिलाउनेछ र धन आर्जन गर्ने अवसर जुट्नेछ। पहिरनले व्यक्तित्वमा निखारता आउनेछ। बोलीको माध्यमले धेरैलाई मन्त्रमुग्ध बनाउन सकिनेछ। मान-सम्मानका साथै विशेष उपलब्धि प्राप्त हुने समय छ। सप्ताहान्त उपलब्धिमूलक रहनेछ।

**वृष** - Taurus (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो)
पेसा-व्यवसायमा मनग्य धनलाभ हुने समय छ। सरसापटमा गएको रकम फिर्ता हुनेछ र धन सञ्चय गर्न सकिनेछ। योजनाअनुसार काममा सफलता प्राप्त हुनेछ। खर्च बढ्नाले अर्थ अभाव देखा पर्ला। आकस्मिक समस्याले मन अस्थिर हुनेछ। भेटघाटको आनन्द प्राप्त भए पनि अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउने चेष्टा गर्नेछन्। केही चुनौती सुल्झाएर मात्र अघि बढ्न सकिनेछ। विदेश ताक्नेहरुलाई यात्राको साइत जुर्न सक्छ। सहयोगीहरुले हात झिक्ने हुँदा काम रोकिन सक्छ। सप्ताहान्तमा रमाइलो पारिवारिक भेटघाट र खानपानको आनन्द प्राप्त हुनेछ।

**मिथुन** - Gemini (का, कि, कु, घ, ङ, छ, के, को, ह)
छोटो समयमा गरिएको तारिफयोग्य कामले लोकप्रियता दिलाउनेछ। ठूला व्यक्तिहरु समेत सहयोगी बन्नाले चिताएको काम सजिलै सम्पादन हुनेछ। मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ। पेसा-व्यवसायमा फाइदा हुनेछ भने उठ्नुपर्ने रकम पनि हातलागी हुनेछ। तर अनावश्यक किनमेल र फजुल खर्चले मंगलवारदेखि रकम बाहिरिने सम्भावना छ, सजग रहनुहोला। पछिल्ला दिनमा आम्दानी रोकिने सम्भावना देखिएकाले व्यवहार निर्वाह गरी बचेको रकम सञ्चय गर्ने प्रयास गर्नुहोला। सप्ताहान्तमा खर्चिलो काम थाल्न मोटो रकम जोहो गर्नुपर्ने आवश्यकता पर्न सक्छ।

**कर्कट** - Cancer (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)
समयको महत्व बुझ्नेहरुलाई भाग्यले राम्रो साथ दिनेछ। धर्मकर्म तथा सेवामूलक काममा प्रवृत्त भइनेछ। कर्मक्षेत्र सबल रहनेछ भने विभिन्न अवसरले पछ्याउनेछन्। मिहिनेतले सफलताको उचाइमा पुर्याउनेछ। कीर्तिमानी काम सम्पादन हुनेछ। विशिष्ट व्यक्तिहरुसँगको सहकार्यले विशेष फाइदा दिलाउनेछ। व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ। श्रमको उचित मूल्यांकन हुनेछ। दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। आयस्रोत सबल बन्नाले नयाँ काम गर्न अग्रसर भइनेछ। व्यापार बढ्नाले राम्रै फाइदा हुनेछ। दिगो आम्दानी हुने काम सुरु गर्ने मौका छ।

**सिंह** - Leo (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)
प्रारम्भमा केही झमेला आउन सक्छन्। अस्वस्थताका बीच कामको बोझ बढ्नेछ। समस्याकै समयमा सहयोगीहरुले साथ दिन छाड्नेछन्। अर्थ अभावले पनि सताउनेछ। मंगलवारदेखि स्थितिमा सुधार आउनेछ भने सुखदुःखमा साथ दिनेहरु फेला पर्नेछन् र भाग्यले पनि साथ दिनेछ। रोकिएको काम बन्नुका साथै नयाँ काम थालनी हुनेछ। सामाजिक काममा जुट्नुपरे पनि फाइदा हुनेछ। अनुभव देखाएर जिम्मेवारी हातपार्ने समय छ। पेसा-व्यवसायमा उत्साहजनक लाभ हुनेछ। प्रतिष्ठित काम गर्ने अवसरसमेत प्राप्त हुनेछ। लगनशीलताले दाम, इनाम एवं प्रतिष्ठा दिलाउनेछ।

**कन्या** - Virgo (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)
प्रारम्भमा रमाइलो यात्राको साइत जुर्न सक्छ। व्यापार बढ्नेछ र पेसा-व्यवसायमा राम्रै फाइदा हुनेछ। आफन्तसँग रमाइलो भेट हुनेछ। टाढिएका साथीभाइ नजिकिनेछन्। प्रेम र मित्रताको बन्धन कसिनेछ। मंगलवारपछि अस्वस्थताको योग देखिएकाले खानपानमा सजग रहनुहोला। विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ने हुन सक्छ। बिहीवारदेखि शुभचिन्तकहरुको साथ-सहयोग जुट्नाले भविष्यप्रति आशा बढ्नेछ। सप्ताहान्तमा आयस्रोत बढ्नुका साथै दिगो काममा सम्झौता हुन सक्छ। काम बन्नाले जोश-जाँगर पनि बढ्नेछ।

**तुला** - Libra (र, रि, रु, रे, रो, ता, ति, तु, ते)
प्रतिस्पर्धामा पाइने सफलताले काममाआत्मविश्वास जगाउनेछ। स्वास्थ्य पनि सबल बन्नेछ। विगतमा आफ्ना कमजोरीको फाइदा उठाउनेहरु स्वतः पछि पर्नेछन्। प्रियजनसँग रमाइलो भेट हुनुका साथै घुमघाम र खानपानको आनन्द प्राप्त हुनेछ। मंगलवार र बुधवार नयाँ काममा हात हाल्ने समय छ। पहिलेको उपलब्धिले व्यवसायमा उत्साह जगाउनेछ। साथीभाइको उपहार प्राप्त हुनेछ। प्रेम र मित्रताको बन्धन कसिने समय छ। सप्ताहान्तमा स्वास्थ्य कमजोर रहनेछ र काम रोकिने डरले सताउनेछ। समस्या दर्साउँदा सहयोगी तथा शुभचिन्तकहरुले साथ दिनेछन्।

**वृश्चिक** - Scorpio (तो, ना, नि, नु, ने, नो, या, यि, यु)
अध्ययनमा ध्यान केन्द्रित हुनाले विद्यार्थीहरुको प्रगति हुनेछ। पेसा-व्यवसायमा पनि राम्रै उपलब्धि प्राप्त हुनेछ। रोकिएका काम बन्नेछन् र नयाँ काम प्रारम्भ गर्न सकिनेछ। आँट गर्दा ठूलै काम सम्पादन हुन सक्छ। सीप र कलामा पनि निखारता आउनेछ। प्रतिस्पर्धीहरुलाई पछि पार्न सकिनेछ। व्यापार बढ्नेछ। पेसा-व्यवसायमा मनग्य लाभ हुनेछ। आतिथ्यपूर्ण सम्मान पाइनेछ। रमाइलो यात्रा गर्ने साइत जुर्न सक्छ। नयाँ मित्रहरु फेला पर्नेछन् भने प्रेमको बन्धन पनि कसिलो हुनेछ। सप्ताहान्तमा केही चुनौतीपूर्ण काममा जुट्नुपर्ला। स्वास्थ्यका लागि सजग रहनुहोला।

**धनु** - Sagittarius (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)
काम बिग्रने डरले तनाव बढाउन सक्छ। आफ्ना कमजोरीको फाइदा उठाउनेहरु वरिपरि हुनेछन्। आफ्नैले काम बिगार्न सक्छन्, आवश्यक पर्दा सम्बन्धित व्यक्तिसँग मात्र गोपनीय वार्ता गर्नुहोला। मंगलवारदेखि स्थितिमा सुधार आउनेछ। सन्तानको सहयोगले काममा नसोचेको सफलता प्राप्त हुनेछ। पहिलेको अनुभवले पेसा-व्यवसायमा नयाँ अवसर खोज्न मद्दत पुर्याउनेछ। विद्यार्थीहरुको अध्ययनमा प्रगति हुनुका साथै नयाँ विषयको ज्ञान लिने अवसर प्राप्त हुनेछ। सप्ताहान्तमा प्रतिस्पर्धीहरुलाई उछिन्न सफल भइनेछ। कामका चुनौती हट्नेछन् र आर्थिक लाभ हुनेछ।

**मकर** - Capricorn (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)
चिताएको काम बन्नाले नयाँ काम गर्ने बाटो खुल्नेछ। योजनाअनुसार काम गर्दा सजिलै सफलता हातपार्न सकिनेछ। सहयोगीहरुले साथ दिनाले अड्किएको काम समेत सम्पादन हुनेछ। आम्दानीले पनि उत्साह जगाउनेछ। मंगलवारपछि कुरा ओसार्नेहरुले आफन्तमा फाटो ल्याउने चेष्टा गर्नेछन्। फाइदाका लागि साइनो गाँस्नेहरुबाट सजग रहनुपर्ला। सुझबुझका साथ काम गर्दा समस्या स्वतः सुल्झनेछन्। सुरुमा अवरोध गर्नेहरु पनि आफैँ किनारा लाग्नेछन्। विद्यार्थीहरुमा तर्कशक्ति बढ्नेछ भने सहपाठीहरुलाई पछि पार्दै शैक्षिक गतिविधिमा उपलब्धि हात पार्न सकिनेछ।

**कुम्भ** - Aquarius (गु, गे, गो, सा, सि, सु, से, सो, द)
बौद्धिक क्रियाकलापले तर्कशक्ति बढ्नुका साथै लेखनमा निखारता आउनेछ। मिहिनेत गर्दा आम्दानीका नयाँ स्रोत फेला पार्न सकिनेछ। बलभन्दा बुद्धिको उपयोगले प्रतिफल दिलाउनेछ। पेसा-व्यवसायमा मनग्य फाइदा हुनाले धन बचत गर्न सकिनेछ। विशेष अवसर प्राप्त हुनाले ठूलै काम आँट्न सकिनेछ। दिगो फाइदा हुने काम शुभारम्भ हुन सक्छ। पुरुषार्थ देखाएर दाम समाउने अवसर प्राप्त हुनेछ। बिहीवारपछि नयाँ निर्णय लिनुपूर्व राम्ररी सोचविचार गर्नुहोला र काम थाल्न केही समय पर्खनुहोला। काममा अरुको भरपर्दा धोका पाइनेछ, सावधान रहनुहोला।

**मीन** - Pisces (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)
लगनशीलताले प्रतिष्ठित काम गर्ने मौका दिलाउनेछ। रमाइलो जमघटका बीच स्वादिष्ट खानपानको आनन्द प्राप्त हुनेछ। इच्छाशक्ति बढ्नाले छिट्टै प्रगति हासिल हुनेछ। अध्ययनमा प्रगति हुनेछ। पहिलेको सफलताले नयाँ कामको अवसर दिलाउनेछ। मंगलवार र बुधवार खर्च बढ्ने सम्भावना देखिएकाले होसियार रहनुहोला। सत्कर्ममा जुट्नेहरुलाई भने शुभचिन्तकहरुले साथ दिनेछन्। बोलीको माध्यमले धेरैलाई मन्त्रमुग्ध बनाउन सकिनेछ। मेहनतले पहिलेदेखि रोकिएको प्रतिफल पनि दिलाउन सक्छ। मान-सम्मानका साथै विशेष उपलब्धि प्राप्त हुने समय छ।

## पर्यटनको......

एउटा सामान्य भवन र भवन घेरेर रहेको वरीपरी पर्खाल थियो अहिले त्यो भत्कीएको छ । उहाँले भन्नुभयो, अहिले चिनाकोटमा पुग्दा रानी बस्ने घरको भग्नावशेष मात्र बाँकी छ । आफुले बुढापाकाबाट सुने अनुसार रानी ज्यान जोगाउन आएर यो अग्लो डाँडाको धुरीमा बसेकी थिइन्, त्यसैले त्यसपछि यो ठाउँ 'चिनाकोट' भनेर चिनिन थाल्यो रोकाले भन्नुभयो । चिनाकोटमा रानीका लागि तल रहेको वाहुन पँधेराबाट पानी लिएर जाने गरिन्थ्यो भन्ने बुढापाकाले भन्ने गरेको उहाँ सुनाउनुहुन्छ ।




भवन भत्केर भग्नावशेष मात्रै बाँकी हुँदा त्यो भग्नावशेष भने सुरक्षित नै छन् । चिनाकोटको डाँडामा बेहुला-बेहुली ढुंगा, रानीले कपाल कोर्दा बस्ने ढुंगा छन् । अहिले त्यहाँ पुगेर दृष्यावलोकन गर्नका लागि पनि उचित तबरकै ब्यवस्थापन गरिएको मान्न सकिन्छ । स्थानीय तहको लगानीमा बनेका संरचना र स्थानीय युवाहरुदे विदेशबाट पनि आफ्नो मातृभूमिमा संरचना बनाउन सहयोग गरेको रकमबाट निर्माण भएका भौतिक पूर्वाधारहरू पनि छन् ।




चिनाकोटमा पुराना खुँडा-तरबारका अवशेषहरु भेटिएको झाँक्रीपानीका स्थानीय कमलबहादुर रोकाले बताउनुभयो । ती हतियारहरु अहिले ५४ कुरिया मगरहरूले धुलेमेला गर्ने थर्प□ कोटघरमा सुरक्षित राखिएका छन् । टाढाबाट हेर्दा बेहुला र बेहुली जस्तै देखिने ढुंगाको कारण त्यसलाई बेहुलाबेहुली ढुंगा भनिएको बताइन्छ । अहिले त्यहाँ पुग्ने पर्यटकहरूलाई सहज होस भनेर सडकमा पनि त्यस क्षेत्रमा जाने दिशानिर्देशन सहितका तथ्यहरू त्यहाँ लेखेरै राखीएको छ । आउने पर्यटकहरू त्यहाँ पुग्दा पनि त्यस क्षेत्रको जानकारी होस भनेर धेरै स्थानको नाम पनि लेखेरै राखिएको छ ।

संस्कृतिविद् रोकाले ५४ कुरिया मगरहरूको पहिचान सहित चिनाकोट र आसपासका क्षेत्रबारे विस्तृत अध्ययन गरी 'बरंजा र ५४ कुरियाको चिनारी' नामक पुस्तक प्रकाशन गर्नुभएको थियो । उहाँका अनुसार चिनाकोटको ऐतिहासिक गहिराइ अझै खोजिन बाँकी छ । यसको थप अध्ययनमा मंगला गाउँपालिका तथा पुरातत्व विभाग र नेपाल सरकारले ध्यान दिनुपर्छ । चिनाकोटका बारेमा आफूले बुढापाकाहरूबाट थाहा पाएका सुनेका कुराहरू मात्रै नभएर अझै धेरै त्यस क्षेत्रमा हुन सक्ने कुराहरू उजागर गर्नु पर्ने तर्क उहाँको छ । पाका पुस्ताले भनेको सुनेको सँगै सम्भव भए सम्म उत्खनन् गरेरै पनि त्यहाँ अन्य तथ्यहरू पनि संकलन गर्न पर्ने हुन सक्ने रोका बताउनु हुन्छ ।

मंगला गाउँपालिकाको बजेटमा चिनाकोट डाँडा चढ्ने सिँढी निर्माण र गोरेटो सुधार गरेको छ । डाँडाको टुप्पोमा प्रतिक्षालय बनाइएको छ । झाँक्रीपानीमा होमस्टे समेत सञ्चालन गर्दै आउनु भएका कमलबहादुर रोकाका अनुसार प्रतिक्षालय झाँक्रीपानी जन्मथलो भएर हाल बेलायतमा बसोबास गर्ने युवाहरुको सहयोगमा निर्माण गरिएको हो । पदमार्ग बन्यो, प्रतिक्षालय बन्यो यस्तै संरचना बनेको र चिनाकोटमै पनि भोज भतेर गर्नका लागि पनि संरचना बनेको छ । त्यहाँ बस्ने छाप्रो र कुर्सीहरू छन् भने पकाउने खाने ओत र शौचालय तथा पानीको पनि ब्यवस्था गरीएको छ ।

चिनाकोट पुग्नका लागि बरंजाको दुर्दीबाट ४५ मिनेट हिँड्दा झाँक्रीपानी पुगिन्छ र त्यहाँ अर्को आधा घन्टाको पदयात्रा गरे पनि चिनाकोट पुगिन्छ । मोटरसाइकल वा जीपको यात्रा गर्ने हो भने पनि चिनाकोट पुगीन्छ । मोटरसाइकलमा जाने हो भने दुई मिनेट पनि पैदल यात्रा गर्नु पर्दैन । तर पदयात्रा गर्दै जाने हो भने पनि निकै आनन्द र मनमोहक दृष्यावलोकन गर्दै पुग्न सकिन्छ ।

स्थानीय युवा दर्पण रोकाले स्वच्छ हावापानी र ऐतिहासिक सम्पदाको संयोजनले यहाँको पर्यटनलाई नयाँ उचाइमा पुऱ्याउने बताउनुहुन्छ । हिमालको सुन्दर दृश्य, लोककथाले भरिएको इतिहास, स्थानीयको आत्मीय आतिथ्य र घरकै स्वाद, यी सबैले चिनाकोट र झाँक्रीपानीलाई म्याग्दीको ' नयाँ गन्तब्य' बनाइरहेको दर्पणको भनाइ छ । उहाँ भन्नुहुन्छ यो ठाउँ केवल हेर्नको लागि होइन, अनुभव गर्नका लागि बनेको ठाउँ हो । जहाँ इतिहास बोल्छ, हिमाल मुस्कुराउँछ र पाहुनालाई घरको न्यानोपन महशुष हुन्छ ।




चिनाकोट घुम्नु भनेको हिमाली सौन्दर्यसँगै नेपालकै इतिहासको पाना पल्टाउनु हो मंगला गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोकाले भन्नुभयो । मंगला गाउँपालिकाले पर्यटनको क्षेत्रमा लगानी गरेको छ र पूर्वाधार तथा सडकमा पनि । त्यसैले पालिका भित्रका सबै पर्यटकीय क्षेत्रको प्रवर्द्धनमा हाम्रो ध्यान हुने नै छ । यसै सन्दर्भमा चिनाकोट पनि हाम्रो लागि महत्वपूर्ण केन्द्र हो र यसलाई ब्यवस्थीत गर्ने र प्रचारका लागि ध्यान दिएका छौं । आगामी दिनमा पनि गाउँपालिकाले चिनाकोटको प्रवर्द्धनका लागि ध्यान दिएर अगाडी बढ्ने अध्यक्ष रोकाको भनाई छ ।

## नेपालका ......

लागि स्पष्ट संवैधानिक सीमांकन र राजनीतिक सहमति आवश्यक हुन्छ ।

यी उदाहरणहरुले एउटा साझा तथ्य प्रष्ट गर्छन् कुनैपनि शासन प्रणाली आफैंमा राम्रो वा खराब हुँदैन । प्रणालीको सफलता त्यस देशको संबैधानिक नियन्त्रण, संस्थागत शक्ति, राजनीतिक परिपक्वता, र नागरिक चेतनामा निर्भर हुन्छ । अमेरिका सफल छ किनभने कानुनी नियन्त्रण बलियो छह्य भारत स्थिर छ किनभने दलगत अनुशासन र निर्वाचन प्रणाली सशक्त छ बेलायतमा स्थायित्व छ । किनभने लोकतन्त्रलाई परम्परागत मूल्यले थामेको छ तर श्रीलंका वा अफ्रिकाका केही देशमा असफल देखिन्छन् किनभने संस्थागत ढाँचा कमजोर र शक्ति सन्तुलनको अभाव छ ।

निष्कर्ष

नेपालमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको बहस केवल शासन संरचनाको विकल्प होइन, देशको राजनीतिक संस्कार, नागरिक चेतना र संस्थागत क्षमताको गहिरो परीक्षण हो । संसदीय प्रणाली अस्थिर देखिएको छ भने त्यसको कारण प्रणालीभन्दा बढी दलगत स्वार्थ, कमजोर अनुशासन र नीति-निर्णयमा दूरदृष्टिताको कमी हो । त्यसैले, प्रणाली बदल्नु मात्र स्थायित्वको ग्यारेन्टी होइन । कार्यकारी राष्ट्रपतिय प्रणालीले राजनीतिक स्थिरता, स्पष्ट नेतृत्व र निर्णायकता दिने सम्भावना अवश्य देखिन्छ, तर त्यसले शक्ति एकै केन्द्रमा केन्द्रित गर्ने जोखिम पनि बोकेको हुन्छ । बलियो नियन्त्रण र सन्तुलनका संयन्त्रबिना यस्तो प्रणाली अधिनायकत्वतर्फ ढल्कन सक्छ । न्यायपालिका, संसद, प्रेस र नागरिक संस्थाहरु स्वतन्त्र र सुदृढ नभएसम्म कार्यकारी प्रणालीले अपेक्षित लोकतान्त्रिक गुणस्तर कायम गर्न सक्दैन । विश्वका अनुभवहरुले देखाउँछन्, शासन प्रणालीको सफलता नाम वा ढाँचामा होइन, त्यसको संवैधानिक सन्तुलन, राजनीतिक संस्कार र जनताको परिपक्वतामा निर्भर हुन्छ । नेपालको सन्दर्भमा मूल प्रश्न "कुन प्रणाली अपनाउने ?" भन्दा बढी "कसरी शासनलाई जिम्मेवार, पारदर्शी र परिणाममुखी बनाउने ?" भन्ने हो । लोकतन्त्रको आत्मा शक्ति बाँडफाँडमा होइन, त्यसको प्रयोगमा निहित हुन्छ । जब नागरिक सचेत, संस्था स्वायत्त र नेतृत्व उत्तरदायी हुन्छ प्रणाली जुनसुकै भए पनि देश स्थिर, सबल र उत्तरदायी बन्न सक्छ ।

लेखक मालिका गाउँपालिकामा अधिकृतका रूपमा कार्यरत हुनुहुन्छ ।




# साताको तस्बीर

**फोटो क्याप्सन :-** १) बेनी नगरपालिका ४ सुर्केमेलाको भैरमथान क्षेत्रमा धान झाँट्दै कृषकहरु । यस वर्ष धान काटेपछि परेको पानीले गर्दा भित्राउने समयको धान भिज्दा कृषकहरुलाई वर्ष भरी खाने धानमा क्षती भएको छ ।

*तस्बीर : अमृत बास्कुने*


मानवसेवा आश्रम बागलुङ शाखाको भवन निर्माण (मानवीय स्मारक) सम्पन्न गर्न र अक्षयकोष श्रीवृद्धि गर्ने उद्देश्यले आयोजित

श्रीमद् भागवत् सप्ताह ज्ञान-विज्ञान महायज्ञ-२०८२

कथा वाचक
भागवत भाष्कर कमलनयन गौतम ज्यू

२०८२ कार्तिक २१ गते देखि २८ गते सम्म
मानवसेवा आश्रम भवन निर्माण स्थल बा.न.पा ४ निरयघाट
सम्पर्क :९८५७६२०११३,९८४३३४७६१७,९८५५०७६००५



बालकृष्ण खत्री मो. ९८५७६३२९३३ आशिष खत्री मो. ९८४७७०२९३३

कैलाश मोटरसाइकल वर्कशप
KAILASH MOTORCYCLE WORKSHOP
कालीपुल बेनी , म्याग्दी





यहाँ सम्पूर्ण ब्राण्डका बाईक, स्कुटी खदिर बिक्री, सम्पूर्ण पार्ट्सहरु पाईनुका साथै दक्ष अनुभवी मेकानीकद्वारा मर्मत तथा सर्भिसिङ्ग गरिन्छ ।



शीतोष्ण बागवानी विकास केन्द्र
मार्फा, मुस्ताङ

यस शीतोष्ण बागवानी विकास केन्द्रको उद्देश्यहरु :

- शीतोष्ण फलफूलहरुको गुणस्तरिय बिरुवा उत्पादन तथा बिक्री बितरण (स्याउ, ओखर, आरु, आरु बखडा, नास्पाती, खुर्पानी, अंगुर, कागजी बदाम, मिठो चेरी आदी) गर्ने ।
- तरकारीको मूल बीउ उत्पादन तथा बिक्री बितरण (मार्फा रायो, बन्दा, मुला, सलगम, गाजर, स्विस चार्ड, स्थानीय धनिया, आलु आदी) गर्ने ।
- फलफूल तथा तरकारीको प्रशोधित वस्तुहरुको उत्पादन तथा बिक्री बितरण (स्याउ, तथा खुर्पानीको ब्राण्डी, आरु बखडाको वाईन, स्याउको साईडर, जाम आदी) गर्ने ।
- तरकारीको बेर्ना उत्पादन तथा बिक्री बितरण गर्ने ।
- फलफूल बगैचामा अन्तरबालीको रुपमा ताजा तरकारी उत्पादन तथा बिक्री बितरण गर्ने ।
- फलफूल तथा तरकारीको जर्मप्लाज्म संकलन तथा संरक्षण/संम्वर्द्धन गर्ने ।
- बागवानीजन्य फलफूल, तरकारी तथा पुष्प उत्पादनमा प्राविधिक सेवा उपलब्ध गराउने ।
- प्रविधि प्रशारण, उत्पादन तथा प्रर्दशन कार्यक्रमहरु, तालिम, अवलोकन/भ्रमण, फिल्ड अवलोकन आदी ।

(नोट : थप जानकारी चाहिएमा केन्द्रमा आएर अथवा फोन/ईमेल मार्फत प्राविधिक जानकारी लिन सक्नुहुनेछ)
फोन : ०६९-४०००३४ / ईमेल ठेगाना : thdc.marpha@gmail.com
वेबसाईट : www.thdcmustang.gov.np



मंगला मेसिनरी एण्ड कृषि सामग्री केन्द्र
बालमन्दिर चोक, बेनी बजार म्याग्दी
प्रो. केशब पौडेल, सम्पर्क नम्बर:-9857628723






हामीकहाँ :-
मिनिटेलर, राईस मिल, वेल्स मेसिन, ब्याप कटर इण्डियन टवेल, नेपाली टवेल, स्प्रे ट्याङ्क, थोपा सिंचाई मोटरहरु बिक्री गरिनुका साथै मर्मत पनि गरिन्छ ।



DG Print
Beni Bazar, Ganesh Toal

फ्लेक्स प्रिन्ट
डिजिटल व्यानर, होडिङ्गबोर्ड, रिफ्लेटिकबोर्ड, लाइटबोर्ड, फ्लेक्स फोटो, स्टिकर प्रिन्ट





स्क्रिन/अफसेट प्रिन्ट
टि-सर्ट/जर्सी प्रिन्ट, प्लाष्टिक/फेवरिट व्याग, विवाह/ब्रतवन्ध, शुभकामना, भिजिटिङ कार्ड प्रिन्ट
9857642152, 9847642152 (069-521241) dgprint.beni@gmail.com/bhim.dip@gmail.com



लक्ष्मी जननी मिडिया हाउस प्रा.लि. द्वारा प्रकाशित म्याग्दी नेपाल साप्ताहिकका लागि अध्यक्ष/प्रकाशक: अमृतप्रसाद पौडेल (अमृत बास्कुने)
सम्पर्क: ९८५७६४०२६६, ९८०५१२३०००, इमेल :erupse@gmail.com, कार्यालय, बेनी नगरपालिका ८, बेनी म्याग्दी, सम्पादक: तुलसी सुवेदी